आज मिति २०७७ साल फाल्गुन १६ गतेको कार्यपालिकाको निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको सदस्य श्री निम कुमारी झाँक्री विशेष कामले काठमान्डौबाट घर फर्कने क्रममा बसमा यात्रा गर्दै गर्दा अकस्मात प्यालाईसिस भई सिकिस्त विरामी परेकोले हुदाँ उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

प्रस्ताव नं. २ माथि छलफल गर्दा सेवा प्रतिष्ठान नेपालको च.नं. ६४ मिति २०७७०७१७ को पत्र अनुसार गोठुवा लम्वुतारा झोलुगें पुलको रकम यस राजपुर गाउँपालिकाले दिनु पर्ने रकम स्वापको रकमबाट घटाइ सम्झैता भएकोले उक्त सम्झैता गलत भएको सम्झैता गराउने संस्थाको कर्मचारीको कारणबश निधन भएको, उक्त योजनाको कार्यसम्पन्न भई सकेको तर इस्टिमेट बमोजिम सम्झैता नभएको कारण उपभोक्ताको भुक्तानी रोकीएको, झुलुङ्गु पुलको इस्टिमेट अनुसार नयाँ सम्झैता बनाइएको छ । उक्त सझौतालाई स्वीकृत गरिदिनुहनु सिफारिस भई आएको सम्बन्धमा, उक्त झोलुगें पुलको लागत अनुमान र सम्झौताको अध्ययन गरि प्रतिवेदन पेश गर्ने तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल :

१) ७ नं. वडा अध्यक्ष श्री भिम बहादुर खड्का - संयोजक

२) ईन्जिनियर श्री हनुमन्त चौधरी - सदस्य

३) योजना शाखा प्रमुख अधिकृत श्री मेघसिंह पछाई - सदस्य-सचिव

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दामा यस राजपुर गाउँपालिकामा चालु आ.बमा हाल सम्म पनि कुनै घाटमा पनि नदिजन्य पदार्थ उत्खनन सम्बन्धी ठेक्का नखुलाईएको हुदाँ चालु आ.बका विभिन्न आयोजनाहरु संञ्चालन गर्न र स्थानीय उपभोक्तालाई नदिजन्य पदार्थ उपभोगमा समस्या परेकाले तपशिल बमोजिमको घाटमा गाउँकार्यपालिकाका प्राविधिकहरु खटाई मिनि आई.ई.ई गर्ने निर्णय गरियो।

तपशिलः

| वडा नं. | मिनि आई.ई.ई गर्ने स्थान (घाट | कैफियत |
|---|---|---|
| १ | माररी खोला र रसरी खोला दोभान (ताउले बस्ती नजिक) | |
| १ | सुख्खाखोला गुरुङखोला जाने बाटो दायाँ र बायाँ | |
| १ | गुरुङखोला र कठ्बेरुवा | |
| २ | चफ्फाघाट, खाल गहिराघाट राप्ति नदि | |

| | | |
|---|---|---|
| २ | जमनियाघाट , वडा कार्यालय देखि दक्षिण तर्फ | |
| ३ | खैरहवा खोला (सिरहनीय बस्ती दक्षिण तर्फ ) | |
| ४ | भौकाघाट,राप्ति नदि | |
| ४ | सुसुहारा घाट ,मुङरेठा खोला | |

निर्णय नं.४

प्रस्ताव नं.४ माथी छलफल गर्दा शिक्षा विकास तथा समन्वय ईकाई दाङको च.नं. १०१८ मिति २०७६।११।०७ को पत्रानुसार अपांगता भएका विद्यार्थीको पहिचान गरि छात्राबृत्ति निर्धारण गर्न प्रत्येक स्थानीय तहमा विधार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्ने भनी लेखि आएकोले सो सम्बन्धमा यस राजपुर गाँउपालिकामा तपसिल अनुसारको विधार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. स्थानीय शिक्षा महाशाखा /शाखा प्रमुख - संयोजक

२. अपांगता क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि - सदस्य

३.स्थानीय तहको स्वास्थ्य शाखाको प्रतिनिधि- सदस्य

४. स्रोत शिक्षक - सदस्य

५.सम्वन्धित क्षेत्रको विज्ञ प्रतिनिधि -सदस्य

निर्णय नं.५

प्रस्ताव नं.५ माथी छलफल गर्दा लुम्बिनी प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको च.नं. १०८८ मिति २०७७।१०।१२ को पत्रानुसार प्रदेश सरकारले **कोभिड विशेष कृषि कार्यक्रम** सञ्चालनको लागि सबै स्थानीय तहले सर्शत अनुदानको विनियोजित बजेटको परिधि भित्र रहि आवश्यकता अनुसार कृषि/पशुपन्छी जनशक्ति सेवा करारमा कर्मचारी व्यवस्था गरि कार्यक्रम संचालन गर्नुहनका लागि मन्त्रालयको मिति २०७७।१०।११ को मा. मन्त्रिस्तकको निर्णय अनुसार अनुरोध छ भनी लेखि आएको सम्बन्धमा यस राजपुर गाउँपालिकामा तपशिलको पद अनुसार करार सेवामा कर्मचारी भर्ना गर्ने र सो कार्यको लागि ७ दिने सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स | पद | तह | सेवा/समुह | सेवाको प्रकार | कै |
|---|---|---|---|---|---|
| १ | अधिकृत | छैठौं | कृषि | करार | |

निर्णय नं. ६,

प्रस्ताव नं ६ माथि छलफल गर्दा राजपुर गा.पावडा नं. २ बस्ने कुलदिप के.सी लगायतका व्यक्तिहरुले वडा नं. २ को कार्यालयमा दिएको निवेदन सम्बन्धमा मटेरिया ५।क कि.न २२,२३,२४,२५, २६,२७,२८, २९, ३०,३२,९९,१००,१०१ मटेरिया ५।ख कि.नं. ४५३,४५४,४५५ मटेरिया ८।ठ १२,७५,७४,४,१६९,१७६, ११४,११३, ८४ र मटेरिया ८।ख ९४, १२०३, १२०५, १२०१, १२०४, १२०६,९८,९९ खाल गहिरामा राप्ति नदिले बर्षेनी खेति योग्य जमिन कटान गरि गाँउ बस्ती समेत जोखिममा परेको हुदाँ उक्त नदिलाई गाउँमा कुनै पनि असर नपर्ने गरि र नदिको बहाबलाई दक्षिणको भाग देखि उत्तर तर्फ च्यानलाईज गर्ने र नदिको सतह गाउँ बस्ती देखि माथी उठेकोले उक्त जमीन लाई उत्खनन गरि व्यावस्थापन गर्न आवश्यक देखिएकोले सम्बन्धित निकायमा सिफारिस गरि दिनु हन भनि वडा नं. २ को कार्यालयबाट लेखि आएको सम्बन्धमा अनुगमन समितिले अनुगमन गर्दा उपयुक्त देखिएमा माग अनुसार माथि उल्लेखित कित्ताका जग्गाहरुबाट नदिजन्य पदार्थ उत्खनन्को लागि जिल्ला विपद व्यवस्थापन समिति दाङमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ ,

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजपुर स्वास्थ्य चौकी गंगदी दाङ को च.नं. ४४ मिति २०७७।११।०६ को पत्रानुसार राजपुर स्वास्थ्य चौकीले सञ्चालन गर्दौ आएको बा. २ भ्क १७२७ नम्बरको एम्बुलेन्स मर्मत संम्भारमा लोगेको खर्चको बिल अनुसार भुक्तानी गरी दिनुहुन भनि पेश गरेको सम्बन्धमा पेश गरेको बिलहरु अध्ययन गरि आगमी बैठकमा निर्णय गर्ने गरियो ।

निर्णय नं. ८,

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राजपुर गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. ५०० मिति २०७७।१०।२७ को पत्रानुसार श्री राप्ती किनार सामुदायिक वन उपभोक्ता समुहको तिन कोठे भवनमा ७ नं. वडा कार्यालय र स्वास्थ्य बसेदेखी मासिक ५००० अक्षरुपी पाँच हजारका दरले मिति २०७४ साउन ४ गने देखि मिति २०७७ साल पुस मसान्त सम्मको भाडा बाफतको जम्मा हुन आउने रकम उक्त वन उपभोक्ता समुहलाई उपलब्ध गरिदिनु हुन भनी लेखि आएको सम्बन्धमा यस अघि कार्यपालिका बाट निर्णय भएको मिति देखि हाल सम्मको घर भाडा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कोभिड १९ (कोरोना भाइरस) विरोध ५५ बर्ष भन्दा माथिका उमेर समुहका आम नागरिकहरुलाई लक्षित गरि राष्ट्रिय कोभिड भ्याक्सीनेसन अभियान मिति २०७७।११।२३

गते देखि २८ गते सम्म सञ्चालन गर्ने सम्बन्धमा खोप ढुवानीको लागि ७ दिने सम्म गाडी भाडा लिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा भुमिहीन दलित,भुमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न नेपाल सरकार भुमि सम्बन्धी समस्या समधान आयोग ताहाचल काठमान्डौ र यस राजपुर गाउँपालिका बिच सम्झौता भइसकेको, सोहि सम्झौता बमोजिम स्थानीय तहको जिम्मेवारीहरु नं. ग अनुसार लगत संकलन तथा जग्गा नापजाँच कार्यको लागि अनुसुची १ मा उल्लेख भए बमोजिम संयोजक,सर्भेक्षक,अमिन,सामाजिक परिचालक,तथ्यांक संकलन, तथ्यांक प्रबिष्टि कर्ता, सहायोगी र आवश्यक पुर्वाधार (कम्प्युटर, प्रिन्टर, स्क्यानर आदि समेतको कार्यकक्ष) सहितको एक भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई स्थापना गर्ने । स्थानीय तहले उल्लेखित जनशक्तिमा संयोजक बाहेक कार्यबोझका आधारमा अन्य जनशक्तिहरु थप गर्न सक्नेछ । सो इकाईकामा स्थानीय तहमार्फत सेवा करार गरिएका जनशक्तिको तलब भत्ता लगायतका सुविधा स्थानीय तहले नै बेहोर्ने, भनी सम्झौता गरिएको हुदाँ तपशिल बमोजिमका जनशिक्त करारमा भर्ना गरि लगत संकलन स्थापना गर्ने र सो इकाइ व्यवस्थापन तथा कर्मचारीहरुको तलब भत्ता, सेवा सुविधा उपलब्ध गराउन आवश्यक बजेट आगमी गाउँसभाबाट बिनियोजन गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स | आवश्यक जनशक्तिको पद | तह (स्थानीय सेवा) | संख्या (जना) | कैफियत |
|---|---|---|---|---|
| १ | संयोजक | छैठौ | | |
| २ | सर्भेक्षक | पाँचौ | | |
| ३ | अमिन | चौथो | | |
| ४ | सामाजिक परिचालक | चौथो | | |
| ५ | तथ्यांक संकलक | चौथो | | |
| ६ | तथ्यांक प्रबिष्टिकर्ता | चौथो | | |
| | फिल्ड सहयोग | श्रेणीबिहिन | | |

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस प्रस्ताव माथि आगमी बैठकमा छलफल गरि निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ ,

प्रस्ताव नं. १२ माथि छलफल गर्दा राजपुर गा.पा बाट श्री साधारण मा.वि गंगदी सालभौंरीको विद्यालय व्यवस्थापन समितिको चार सदस्यीय आधिकारिकताको लागि छानविन गर्न श्री नरेन्द्रसिंह भण्डारीको संयोजकत्वमा गठित कार्यदलले मिति २०७७।११।१२ गते पेश गरेको प्रतिवेदन अनुसार मिति २०७७ असोज २८ गते सम्म उक्त विद्यालयको अभिलेख अनुसार जम्मा ५१५ जना अभिभावकहरु रहेको, उक्त भेलामा ३४८ जना उपस्थित रहेकोमा सो मध्ये २६५ जना अभिभावकको उपस्थिती भएको ,जुन कुल अभिभावकको ५१.४५ प्रतिशत हुन आउने भएको हुदाँ श्री साधारण नमुना मा.विको मिति २०७७ साल कार्त्तिक ३ गतेको अभिभावक भेलाद्वारा सर्वसमतिमा छनोट गरिएको २ महिला सहित ४ जना वि.व्य.स सदस्यहरु आधिकारिक हुन भनी प्रतिवेदन पेश गरिएको सम्बन्धमा उक्त समितिलाई आधिकारीकता प्रदान गर्ने र सहमति अनुसार अगाडी बढ्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गत आ.व. २०७६।०७७ का सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रम मध्ये गाउँसभा बाट चालु आ.व. मा कार्यान्वयन हुने गरी स्वीकृत खानेपानी तथा सिंचाई योजनाहरुको स्वीकृत लागत अनुमान अनुसार कार्यालयबाट पाईप खरिद कार्य भई आपूर्ति भैसकेको र लागत अनुमान अनुसार खन्ने पूर्ने तथा ढुवानी लगायतका अन्य कार्य गर्न सम्बन्धीत उपभोक्ता समिति सँग संझौता गरी निर्माण कार्य सम्पन्न गराउने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको आठौ गाउँसभाको तयारीको गर्न मिति २०७७।११।२८ गते कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।